# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर

**सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७३/१२/२२**

यस आयोगको लागि आवश्यक चार पाङ्ग्रे सवारी साधनहरु सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**बोलपत्र सम्बन्धी विवरण**

| क.स | सवारी साधनको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | 4Wheel Drive 4 stroke, Diesel engine Jeep. Suitable to operate in rough and hilly road condition of Nepal, displacement of the engine 2000 - 2200cc, shall have seating capacity for at least 7 passengers including driver | ३ | Detail specification बोलपत्रसाथ उपलब्ध गराइनेछ । |

१. **यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०७४/१/२० सम्म कार्यालय समयभित्र रु. ३०००।- (फिर्ता नहुने गरी) को आम्दानी** रसिद **निवेदनसाथ संलग्न राखी बोलत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट बोलपत्र खरिद गर्न सक्नेछन् । बोलपत्र खरिद गर्नको लागि निवेदकले** आ.व. २०७३/०७४ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७२/०७३ को करचुक्ता प्रमाणपत्र मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा बोलपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ । सो कागजातहरु पेश नगर्ने निवेदकले बोलपत्र खरिद गर्न पाउने छैन ।

२. बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०७४/१/२० गतेसम्मको कार्यालय समयभित्र खरिद गरि सकी २०७४/१/२१ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त भएका बोलपत्रहरु २०७४/१/२१ गते दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत वापतको रकम रु४,८६,०००।- (अक्षेरेपी चार लाख छयासी हजार रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता नं ख ३ (०१८०-५१-००१६८५६ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।

५. सामान सप्लाई सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले सप्लाई गर्ने सामानको स्पेशिफिकेशन बोलपत्र साथ उपलब्ध गराइनेछ । साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाहि हुनेछैन ।

८. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ ।

९. स्वीकृत बोलपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ ।

१०. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

## E-Bidding का लागि

१२. E-Bidding मा भाग लिने बोलपत्र दाताहरुका लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएको वस्तु खरिदसम्बन्धी E-Bidding को अन्तरिम Portal प्रयोग गरिएको छ । उक्त web: www.bolpatra.gov.np मा login गरी प्राप्त निर्देशानुसार बोलपत्रमा भाग लिन सक्नेछन् ।

१३ **बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु सोहि web मा गई scanned copy download र upload गर्नु पर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर वापत कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको राजश्व खाता नं १८०-४१-२४४० मा दाखिला गरेको सक्कलै भौचरको scanned copy upload गर्नु पर्नेछ ।**

१४. E-submission गर्ने बोलपत्रदाताहरुले मिति २०७४/१/२१ गते दिनको १२:०० बजेभित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे खोलिने छ ।

१५. बोलपत्रदाताले E-Bidding मार्फत पेश गरेका बोलपत्रहरु खोल्ने समयमा निजको E-Bidding दर्ता भएको नदेखिएमा वा Upload भएका फाइलहरु Unreadable Format वा Corrupted भएमा मूल्यांकनमा समावेश गरिने छैन ।

१६. E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको मितिले सातौं दिन सम्मको दिनको २:०० बेजेभित्र E-Bidding मार्फत पेश गरेका सम्पूर्ण कागजातहरुको Hard Copy नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा मूल्यांकनमा समावेश गरिने छैन ।

१७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन(संशोधन सहित) २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।